कर्णाली प्रदेश सरकार
उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

मुगु

प. सं. :२०७८।०७९
च. नं.:

## प्रस्ताव आव्हानसम्बन्धि सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७८/०३/०४*

चालु आ.व २०७८/०७९ को लागि संघिय शसर्त अनुदान कार्यक्रम तथा प्रदेश अन्तर्गत स्वीकृत तपसिलमा उल्लेखित जडिबुटी विकास कार्यक्रमहरुको लागि इच्छुक व्यवसायी, उद्यमी, सहकारी, समूह, फर्म, सामुदायिक वन तथा कबुलियती वन समुह वा जडिबुटी तथा गैरकाष्ठ व्यबसायमा संलग्न किसानबाट व्यवसायिक योजना सहितको प्राविधिक तथा आर्थिक प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र डिभिजन वन कार्यालय, मुगुमा पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं | क्रियाकलाप/ कार्यक्रमको नाम | प्याकेज र परिमाण | कार्यालयबाट उपलव्ध हुनसक्ने अधिकतम रकम | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | सहकारी/समुह मार्फत जडिबुटी उत्पादन खेति बिस्तार भण्डारण प्रशोधन र बजारीकरण | १ (एक) | ७ लाख | जिल्ला भरी | जडिबुटी बिकास कार्यक्रम (संघीय सशर्त अनुदान) |
| २. | जडिबुटी उत्पादन खेति बिस्तार भण्डारण | १ (एक) | ४ लाख | जिल्ला भरी | जडिबुटी बिकास कार्यक्रम (संघीय सशर्त अनुदान) |
| ३. | जडिबुटी क्षेत्र विकास कार्यक्रम | १ (एक) | ९० लाख | . श्री खत्याड गाउँपालिकाको कार्यालय, माझचौर, मुगु ।<br>. श्री छायाँनाथ रारा नगरपालिका वडा नं.७ को कार्यालय, मुगु ।<br>. श्री छायाँनाथ रारा नगरपालिका वडा नं.१२ को कार्यालय, मुगु ।<br>. श्री छायाँनाथ रारा नगरपालिका वडा नं.१४ को कार्यालय, मुगु ।<br>. श्री छायाँनाथ रारा नगरपालिका वडा नं.२ को कार्यालय, मुगु ।<br>. श्री मुगुम कार्मारोंग गाउँपालिका वडा नं. २ को कार्यालय, मुगु ।<br>. श्री मुगुम कार्मारोंग गाउँपालिका | यस कार्यक्रमको लागि सम्बन्धित स्थानीय तहमा पत्राचार गरिएको हुनाले आ-आफ्नो स्थानीय तहमा सम्पर्क गर्नुहुन सुचित गरिन्छ । |

डिभिजनल वन अधिकृत

फोन नः ०८७-४६००४८
Email:dfomugu75@gmail.com

कर्णाली प्रदेश सरकार
उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय
मुगु

प. सं. :२०७८।०७९
च. नं.:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | वडा नं. ५ को कार्यालय, मुगु । • श्री सोरु गाउँपालिका वडा नं. ५ को कार्यालय, मुगु । • श्री सोरु गाउँपालिका वडा नं. ९ को कार्यालय, मुगु । | |

प्रस्ताव तयारी तथा छनौट प्रक्रिया

१. प्रस्तावहरु मिति २०७८/०९/१८ गते भित्र कार्यालय समयमा डिभिजन वन कार्यालय, मुगुमा पेश गरिसक्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा सो मिति पछि कार्यालय खुल्ने दिनमा पेश गरिसक्नु पर्नेछ ।

२. प्रस्तावमा निम्नानुसारका बुदाहरु समेटेर तयार गरि पेश गर्नुपर्ने छ ।

क) कार्यक्रम/कृयाकलापको नाम :

ख) कार्यक्रम संचालन हुने क्षेत्र : (सा.व.,क.व, गा.पा/न.पा र वार्ड नं, क्षेत्रफल, जग्गाको स्वामित्व आदि)

ग) कार्यक्रमका उदेश्यहरु :

घ) कार्यक्रम गत कृयाकलापहरु, कार्यन्वयनको मोडालिटी तथा सो को लागत :

ङ) लाभान्वित घरधुरी र जनसंख्या (महिला, पुरुष, दलित आदि), प्राप्त फाईदाहरु र लागत लाभ विश्लेषणः

च) कार्यक्रम संचालन गर्ने जिम्मेवार व्यक्ति र निजको सम्पर्क नंः

छ) कार्यक्रममा सहयोग गर्ने अन्य साझेदार संस्थाहरु र प्राप्त हुने सहयोग (जस्तै गा.पा/न.पा, गै.स.स., अन्य सरकारी कार्यालयहरुबाट) ।

ज) आर्थिक लागत इस्टिमेट :

झ) कार्यक्रम कार्यन्वयनको कार्ययोजना र उधमको हकमा नियमानुसार जग्गाको स्वामित्व लगायत नियमानुसार आवश्यक अन्य कागजातहरु आदि ।

३. अन्य आवश्यक कागजातहरु :

क) संस्था/फर्म दर्ता र नवीकरण प्रमाणपत्रको प्रतिलिपि,

ख) स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि,

ग) मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि (मु.अ.कर हुनेको हकमा),

घ) सामुदायिक वन उपभोक्ता समुहको हकमा लेखापरिक्षण, बार्षिक प्रगति प्रतिवेदन, उक्त कार्य वन कार्ययोजनामा उल्लेख भएको पानाको प्रतिलिपि, बैठक वा साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि ।

४. प्राप्त प्रस्तावहरु प्राविधिक समितिले नियमानुसार मुल्यांकन गरि प्राविधिक र आर्थिक दृष्टिकोणले उपयुक्त भएको, आफ्नो तर्फबाट समेत केहि प्रतिशत लगानी रहने र बहुसंख्यक गरिब, बिपन्न, महिलाहरु तथा सीमान्तकृत वर्गलाई फाइदा पुर्याउने खालका प्रस्तावहरु छनौट गरि कार्यन्वयन गर्न प्राथमिकता दिईने छ ।

५. सम्बन्धित सब डिभिजन वन कार्यालय तथा वडा कार्यालयको सिफारिस पत्र समेत पेश गर्नुपर्ने छ ।

६. कार्य संचालन गर्न यस कार्यालय संग गरिने सम्झौता बमोजिमको परिधि भित्र रही अनुदान रकम भुक्तानी गरिने छ ।

७.यो सूचना यस कार्यालयको सूचना पाटि तथा वेबसाइटः dfomugu.karnali.gov.np मा हेर्न सकिने छ ।

८. यस सम्बन्धि अन्य सम्पूर्ण जानकारीको लागि डिभिजन वन कार्यालय, मुगुमा सम्पर्क (सम्पर्क नंः०८७-४६००४८ वा ९८५८३२२३२८) गर्नहुन अनुरोध छ ।

नोटःअघिल्ला आ.व हरुमा यस कार्यालय तथा कर्णाली प्रदेश सरकार अन्तर्गतका अन्य कार्यालयबाट अनुदान प्राप्त गरिसकेको व्यबसायी, उधमी, सहकारी, समूह, फर्म, सामुदायिक वन तथा कबुलियती वन समुहहरुलाई अनुदान उपलब्ध गराइने छैन ।

डिभिजनल वन अधिकृत

फोन नः ०८७-४६००४८
Email:dfomugu75@gmail.com